७ नं. वडा कार्यालय
दक्षिणकाली नगरपालिका
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

दक्षिणकाली नगरपालिका
७ नं. वडा कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

# सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०६/१७)

यस दक्षिणकाली नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालय लागि देहाय बमोजिमका पदमा देहाय बमोजिमको संख्या र योग्यता भएका फिल्ड कोर्डिनेटर (Field Co-ordinator) ३ महिनाको लागि सेवा करारमा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजश्व तिरेको रसिद सहित ७ नं. वडा कार्यालयमा दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण वडा कार्यालयबाट वा नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

<u>तपसिल</u>

| क्र.सं | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | मासिक तलव स्केल | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०७५/०७६ | फिल्ड कोर्डिनेटर (Field Co-ordinator) | अधिकृतस्तर | १ | आपसी समझदारीमा तोके बमोजिम हुने | ४०० |

**क) शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक हुनु पर्नेछ ।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ ।
३. पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।
५. सम्बन्धित विषयमा अनुभव भएकाहरुलाई प्राथमिकता दिईनेछ ।
६. सूचना तथा प्रविधिमा ज्ञान भएको अंग्रेजी तथा नेपालीमा टाईप गर्न जान्ने तथा आवश्यकता अनुसार विविध विषयहरुमा प्रस्तावना (Proposal) तयार पार्न सक्ने हुनु पर्नेछ ।
७. बस्ती तथा वडामा भएका समस्याहरुको तथा आवश्यकता पहिचान गर्न सक्ने तथा सामाजिक क्रियाकलापहरुमा सकृय रुपमा सहभागिता जनाई कार्य गर्न सक्ने हुनु पर्नेछ ।
८. वडा कार्यालय, विषयगत शाखा कार्यालय तथा अन्य निकायहरुबाट संचालन हुने विकास निर्माण तथा कार्यक्रमहरु, स्वास्थ्य, शिक्षा, पशु, कृषि लगायतका विषयगत क्षेत्रहरुमा सकृय सहभागिता जनाई कार्य गर्न सक्ने र उक्त विषयहरुमा आवश्यकता अनुसार प्रस्तावना (Proposal) तयार पार्न सक्ने हुनु पर्नेछ ।

**ख) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :**

उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रतिलिपी संलग्न हुनु पर्नेछ । पेश गरिने सबै कागजातको प्रतिलिपीमा पछाडी उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

**ग) परीक्षा किसिम :**

अन्तरवार्ता
सम्पर्क मिति : २०७५/०७/०९

**घ) आवेदन दिने तरिका :** आवश्यक कागजात सहित तोकिएको शुल्क राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु शाखामा खोलिएको यस नगरपालिकाको सञ्चित कोष खाता नं. १७००३०४०१८१०४ मा जम्मा गरि सक्कल भौचर अथवा वडा कार्यालयबाट नगद तिरी प्राप्त नगदी रसिदको सक्कल संलग्न राखी दरखास्त फारम भरी आवेदक स्वयम्ले आवेदन दिनु पर्नेछ ।

ङ) अन्य :

१. कर्मचारी छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयमा निहित हुनेछ ।
२. फिल्ड कोर्डिनेटर छनौट पश्चात नगरपालिका अन्तर्गतको ७ नं. वडा कार्यालयमा रही कामकाज गर्नुपर्नेछ ।
३. बिदा लगायत अन्य सेवा तथा सुविधाको हकमा ७ नं. वडा कार्यालयसंग हुने करार सम्झौता बमोजिम हुनेछ ।
४. सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेद्वार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
५. थप जानकारीको लागि ७ नं. वडा कार्यालयको सम्पर्क नं. ९७४८६४०४३८ मा सम्पर्क गर्न सक्नु हुनेछ वा नगरपालिकाको ईमेल : info@dakshinkalimun.gov.np मा ईमेलद्वारा समेत बुझ्न सक्नु हुनेछ ।